# हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड

# काठमाण्डौंको

## पन्ध्रौं वार्षिक साधारण सभाको

## निर्णय (माइन्युट)

मिति : २०८०/०९/२६ गते बिहिबार

स्थान : लैनचौर व्याङ्केट
लैनचौर, काठमाण्डौं ।

# हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड, काठमाण्डौंको

# मिति २०८०/०९/२६ गते बिहिबार बसेको

## पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय

हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड, काठमाण्डौंको मिति २०८०।०९।०२ गते बसेको संचालक समितिको १८६ औं वैठकको निर्णयानुसार मिति २०८० साल पौष २६ गते बिहिबारका दिन बोलाइएको कम्पनीको पन्ध्रौं बार्षिक साधारण सभा लैनचौर व्याङ्केट, लैनचौर, काठमाण्डौंमा संचालक समितिका अध्यक्ष श्री योगेश्वर शर्माज्यूको अध्यक्षतामा बिहान १०:०० बजे शुरु भई देहाय वमोजिमको प्रस्तावहरु उपर छलफल तथा निर्णय गरी सभा सु-सम्पन्न भयो ।

१ **सभाको सभापतित्व :**

कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुनको लागि कम्पनीका निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री विष्णु प्रसाद बास्कोटाज्यूले अनुरोध गरे बमोजिम संचालक समितिका अध्यक्ष श्री योगेश्वर शर्माज्यूले सभाको सभापतित्व गर्नु भयो । त्यस पछि संचालकहरु, संस्थापकहरु र उपस्थीत सबैले आसन ग्रहण गर्ने काम सम्पन्न भयो र राष्ट्रिय गानको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरियो । त्यस पश्चात निर्वाचन अधिकृतले अनुरोध गरेबमोजिम सभालाई औपचारीक रुपमा सुरु गर्न कम्पनीका अध्यक्ष, संचालकहरु र प्रमुख कार्यकारी अधिकृतले दिप प्रजोलन गरी सभाको शुभारम्भ गर्नुभयो । तत् पश्चात अध्यक्षको निर्देशन अनुसार निर्वाचन अधिकृतले सभाको कार्यक्रमलाई अघि बढाउनु भयो ।

२ **उपस्थिति :**

साधारण सभामा निम्न संचालकहरु तथा शेयरधनी महानुभावहरुको उपस्थिति थियो ।

२.१ **संचालक महानुभावहरु :**

| | |
|---|---|
| श्री योगेश्वर शर्मा | अध्यक्ष |
| श्री सुरज कुमार श्रेष्ठ | संचालक |
| श्री कुमार पौडेल | संचालक |
| श्री जयराम नेपाल | संचालक |

२.२ **पदाधिकारीहरुको उपस्थितिः**

| | |
|---|---|
| श्री संदिप शाह | प्रमुख कार्यकारी अधिकृत |
| श्री सुधा अर्याल | उप-प्रबन्धक/कम्पनी सचिव |

२.३ आमन्त्रितः

श्री यूद्व राज ओली लेखापरीक्षक

२.४ **शेयरधनी महानुभावहरु :**

स्वयं उपस्थित हुने शेयरधनीको संख्याः १७८

प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्याः ९२

जम्मा उपस्थित संख्याः २७०

| शेयर तथा शेयरधनी | जम्मा शेयर संख्या | उपस्थित (शेयरधनी) | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या (स्यमं तथा प्रतिनिधि) | जम्मा शेयर संख्या (स्वमं तथा प्रतिनिधि) |
|---|---|---|---|---|---|---|---|
| | | स्वमं | प्रतिनिधि मार्फत | स्वमं | प्रतिनिधि मार्फत | | |
| कूल शेयर संख्या | २,३४,००,००० | १७८ | ९२ | १,७८,४८,७५१ | ३,४५,९७५ | २७० | १,८२,९४,७२६ |
| संस्थापक शेयरधनी | २,०४,७५,००० | २० | | १,७५,६८,५४४ | | २० | १,७५,६८,५४४ |
| सर्बसाधारण शेयरधनी | २९,२५,००० | १५८ | ९२ | ३,८०,२०७ | ३,४५,९७५ | २५० | ७,२६,१८२ |
| | | | | | | जम्मा प्रतिशत | ७८.१८% |

३ **सभा सम्वन्धी जानकारी :**

कम्पनीको मिति २०८०।०९।०२ गते बसेको संचालक समितिको १८६ औं बैठकले पन्ध्रौं बार्षिक साधारण सभा बोलाउनको लागि मिति २०८०।०९।२६ तोक्ने निर्णय गरे पश्चात कम्पनी ऐन २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम १८ को व्यवस्था वमोजिम सोहि व्यहोराको सुचना मिति २०८०।०९।०४ र २०८०।०९।११ गते आर्थिक अभियान दैनिकमा प्रकाशित गरिएको, साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनीहरुलाई सुचना पठाईएको व्यहोरा निर्वाचन अधिकृतले सभामा सवैलाई जानकारी गराउनु भयो ।

४ **सभाको वैधानिकता :**

कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभा संचालनको लागि नियमावली वमोजिम गणपुरक संख्या पुगेको जानकारी दिदै सभालाई वैधानिक रुपले अघि वढाउन अनुमति प्रदान गर्नुहुन संचालक समितिका अध्यक्ष श्री योगेश्वर शर्माज्यलाई निर्वाचन अधिकृतले अनुरोध गर्नुभयो र अध्यक्षज्यूवाट साधारण सभाको कारवाही अघि वढाउन निर्देशन दिनुभयो ।

## ५ सभाको विषय सूची :

### छलफलका विषयहरु :

**क) सामान्य प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत पन्धौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९/८० साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०७९/८० को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को बाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व २०७९/८० को मुनाफा समेतबाट चुक्ता पूँजीको ०.५२६ प्रतिशत (कर प्रयोजनार्थ) नगद लाभांश स्वीकृत गर्ने ।

५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन गर्ने ।

६) संचालक समितिको भत्ता सम्बन्धमा ।

**ख) बिशेष प्रस्तावहरुः**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व २०७९/८० को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर स्वीकृत गर्ने ।

२) कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।
(कम्पनीको बोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पुँजीलाई बृद्धि गरी रु.१,२८,७०,००,००० पुऱ्याउने र सोहि बमोजिम प्रबन्धपत्र संशोधन गर्ने । )

३) प्रबन्धपत्र तथा नियमावलीको संसोधन स्वीकृत गर्ने तथा प्रस्तावित संसोधनमा नियमनकारी निकायबाट/कार्यलयबाट कुनै फेरबदल /परिमार्जन गर्न वा मिलाउन सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

## ६ वार्षिक प्रतिवेदन प्रस्तुती :

संचालक समितिको तर्फबाट अध्यक्ष श्री योगेश्वर शर्माज्यूले पन्धौं वार्षिक प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ७ वार्षिक प्रतिवेदन उपर छलफल :

### छलफलको लागि आवहान र शेयरधनि महानुभावहरु :

कम्पनीको आ.व.२०७९/८० को वार्षिक प्रतिवेदन, २०८० आषाढ मसान्त सम्मको वासलात, सोहि मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ - आफ्नो मन्तव्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए सभा समक्ष राख्न अनुमती प्रदान भए पश्चात निम्न शेयरधनीहरुबाट निम्नानुसार विचार प्रस्तुत गर्नु भयो ।

**१. निरुपमा गुप्ता:**

सभामा भौतिक रुपमा उपस्थित भएर मन्तव्य राख्ने अवसर प्राप्त भएकोमा खुसि व्यक्त गर्नु भयो । कम्पनीको प्रतिवेदनमा राखिएको वित्तिय विवरण अनुसार अधिकांश परिसुचकहरु सकारात्मकनै रहेको र कम्पनीले १०% बोनस शेयर वितरण गरेकोमा धन्यवाद दिनु भयो । कम्पनीको बजार मूल्य सोचे भन्दा पनि माथि गएको र यस कम्पनीको शेयरधनि हुन पाएकोमा खुशि जाहेर गर्दै कम्पनीले आगामी वर्षमा गर्ने कार्यको विवरण विस्तृत रुपमा नीति नियममा राखी दिनुहुन अनुरोध समेत गर्नु भयो ।

**२. रामगोपाल मर्हजन:**

यस कम्पनीले सर्वसाधरणलाई शेयर जारी गरेको पहिलो वर्षनै १०% का दरले लाभाँस वितरण गरेकोमा खुशि व्यक्त गर्नु भयो । छोटो समयमानै यस कम्पनीको बजार मुल्य १,००० भन्दा माथि पुगेकोमा हामि खुसि छौ, यदि पूँजी बजारमा विदेशि लगानी भित्राउन सकीयो भने शेयर बजारमा सकारात्मक असर पर्ने आशा गरेका छौ, कम्पनीले आफ्नो पूँजि बृद्धि गर्न के कस्तो तयारी गरेको छ भन्ने जिज्ञासा राख्नु भयो र यो कम्पनी छोटो समयमानै उचाईमा पुगेको छ यो निरन्तर रहीरहोस भन्ने विचार व्यक्त गर्नु भयो ।

**३. लक्ष्मी प्रकाश सैजु:**

विश्वकै धनाढ्य श्री वारेन बफेटले कुनै दिन आफ्ना शेयरधनिहरु संगको अर्न्तकृयामा आफ्ना शेयरधनिहरुलाई अनिवार्य रुपमा सभामा उपस्थित हुन र आफनो कम्पनीको शेयर खरिद गर्नुको कारण बताउन अनुरोध गरेको प्रसंग निकाल्दै, उहि वारेन बफेटको कम्पनीको नामबाट नै यस कम्पनीको नाम लिइएको होला खुसी लाग्यो, उक्त कम्पनी जस्तै यस कम्पनीको पनी बजार मुल्य माथि पुग्ने आशा एवं विश्वास व्यक्त गर्नु भयो । साथै कम्पनीक बजार मुल्य uniliver जतिकै माथि पुग्ने आशा व्यक्त गर्नु भयो । हरेक कम्पनीको lock in period ३ वर्षको हुने ३ वर्ष पुग्नै लाग्दा संचालकहरुले राजीनामा दिइ शेयर बेच्ने तर्फ लाग्ने कारणले गर्दा ३ वर्ष पछि शेयरको बजार मुल्यमा गिरावट आउने देखिएको छ । यस कम्पनीका संचालकलाई त्यसो नर्गन अनुरोध गर्नु भयो । हाथवे कम्पनी र आइएमई ग्रुप एउटै हो कि होइन ? विभिन्न अनलाइन मिडियामा भिन्न भिन्न कुरा देखेको जिज्ञासा राख्नुभयो ।

**४. चन्द्र नारायण श्रेष्ठ (लिखीत सुझाब):**

यस कम्पनीले यस आ.व. मा १०.०५२६ प्रतिशतका दरले लाभांस वितरण गरेकोमा धन्यवाद दिदै आगामी दिनमा बढी भन्दा बढी प्रतिफलको सुनिश्चित हुनेगरी कार्यसम्पादन उत्कृष्ट हुनेमा विस्वास लिएको बताउनु भयो । साथै आउने वर्षहरुमा यस्तै उन्नति प्रगतिको कामना सहित कम्पनीका अध्यक्षज्यू, संचालज्यूहरु र कार्यरत कर्मचारीहरु सवैमा धेरै धेरै धन्यवाद दिनुभयो ।

**सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एंव प्रश्नहरुको जवाफः**

यस कम्पनीको १५ औं वार्षिक साधारण सभामा शेयरधनीहरुबाट उठाईएका विषयहरुको बारेमा जवाफ दिदै अध्यक्षज्यूले भन्नु भयो हकप्रद्र शेयर निष्काशनको सम्बन्धमा IPO निष्काशन भएको १ बर्ष सम्म हकप्रद्र शेयर जारी गर्न कानुनन नमिल्ने र हाल पूँजि बृद्वि को कुनै सोच नभएको र आवश्यक देखिएमा आउने दिनमा यहाँहरु समक्ष छलफल हुनेनैछ ।

सामाजिक सञ्जालमा उल्लेख भएका वा लेखेका कुराहरुमा विश्वास नगर्न र यो कम्पनी ८५,००० जना शेयरधनीहरुको भएको सम्झनु हुन अनुरोध गर्नुभयो । यस प्रतिवेदनमा उल्लेखित सम्पूर्ण सूचकाङ्कहरु सहि र पारदर्शि रहेका जानकारी गराउनु भयो । शेयरधनीहरु बाट प्राप्त सुझावहरुलाई आत्म साथ गरी यस कम्पनीलाई उत्कृष्ट कम्पनीको पहिचान गराउने लक्ष्य रहेको र शेयरधनीहरु लाई सूझाव तथा सल्लाहको लागी हार्दिक धन्यवाद दिनुभयो ।

८ **सभाको निणर्यहरु :**

क) **सामान्य प्रस्तावहरुः**

१) प्रस्ताव नं. १, संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत पन्ध्रौं वार्षिक प्रतिवेदन पारित गरियोस् भनी सभा समक्ष राखिएको प्रस्तावलाई सर्वसम्मतिवाट पारित गरियो ।

२) प्रस्ताव नं. २, लेखा परीक्षकको प्रतिवेदन सहितको आ. व. २०८० साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व.२०७९/८० को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु पारीत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिवाट पारित गर्ने निर्णय भयो ।

३) प्रस्ताव नं ३, कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने बिषय उपर छलफल हुँदा कम्पनीको संचालक समितिले लेखापरीक्षक श्री Rijal S. Associates (Chartered Accountant) लाई आ.व. २०८०/८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियूक्ति गर्न सिफारिस गरेको हुँदा संचालक समितिको सिफारिस बमोजिम लेखापरीक्षकको रुपमा Rijal S. Associates (Chartered Accountant) लाई नियूक्त गर्न र पारिश्रमिक रु. २,००,००० (एक दुई लाख मात्र भ्याट सहित) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गर्‍यो ।

४) प्रस्ताव नं ४, मा छलफल हुँदा संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व २०७९/८० को मुनाफा समेतबाट चुक्ता पूँजीको ०.५२६ प्रतिशत (कर प्रयोजनार्थ) नगद लाभांश प्रदान गर्ने निर्णय पारीत गरियोस् भनि राखिएको प्रस्ताव सभाले सर्वसम्मतिवाट स्वीकृत गर्‍यो ।

५) प्रस्ताव नं ५, मा छलफल हुँदा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन सम्बन्धी विषयमा कम्पनीका निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री विष्णु प्रसाद बाँस्कोटाले जानकारी गराउनुभयो । जस अनुसार कम्पनीले प्रकाशित गरेको निर्वाचन कार्यक्रम बमोजिम २ जना सर्वसाधारण शेयरधनीको उम्मेदवारी पर्न आएकोमा कसैको पनि दावि विरोध नपरेकाले निर्वाचन गर्नुपर्ने पद २ बराबर मात्र उम्मेदवारी दर्ता भएकाले देहाय बमोजिमका उम्मेदवारहरु निर्बिरोध निर्वाचित हनुभएको ब्यहोरा जानकारी दिनुभयो ।

| | |
|---|---|
| श्री शिव सिहं कार्की | संचालक (सर्वसाधारण शेयरधनी) |
| श्री केशव कोईराला | संचालक (सर्वसाधारण शेयरधनी) |

६) प्रस्ताव नं ६, मा छलफल हुँदा संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष तथा संचालकहरुले पाउने बैठक भत्ता बृद्धि नगर्ने र हाल कायम भएको बैठक भत्तालाईनै निरन्तर्रता दिने र संचालकहरुलाई संचार, पत्रपत्रिका र यातायात सुविधा वापत मासिक रुपमा रु. १०,००० (दश हजार मात्र) प्रदान गर्न सर्वसम्मतिवाट पारित गर्ने निर्णय भयो ।

**ख) बिशेष प्रस्तावहरु:**

१) बिशेष प्रस्ताव नं १, संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व २०७९/८० को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर स्वीकृत गर्ने निर्णय पारीत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिवाट स्वीकृत भयो ।

१५ औं वार्षिक साधारण सभा तथा बोनस शेयर वितरण गर्ने प्रयोजनका लागि तोकिएको मितिसम्म शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुलाई उपरोक्तानुसार बोनस शेयर जारी गरी कम्पनीको जारी पूँजि रु. रु.१,२८,७०,००,००० (एक अर्व अठ्ठाईस करोड सत्तरी लाख मात्र) एवं चुक्ता पूँजि रु.१,२८,७०,००,००० (एक अर्व अठ्ठाईस करोड सत्तरी लाख मात्र) कायम् गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो साथै सोही अनुसार कम्पनीको प्रबन्धपत्र संसोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख समेत गर्ने गराउने निर्णय गरियो ।

२) बिशेष प्रस्ताव नं २, शेयरधनीहरुलाई बोनस शेयर प्रदान गर्ने प्रस्ताव पारित भए संगै कम्पनीको जारी तथा चुक्ता पूँजि बृद्धि हुने भएकोले सोको हदसम्म जारी तथा चुक्ता पूँजि कायम हुने गरी प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव अन्तर्गत प्रबन्धपत्रको दफा ६(ख) कम्पनीको जारी पूँजि तथा दफा ६(ग) चुक्ता पूँजि बृद्धि गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गरकोमा देहाय बमोजिम प्रबन्धपत्र संसोधन वा परिमार्जन गर्ने गरी सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

३)	प्रबन्धपत्र तथा नियमावलीको संसोधन स्वीकृत गर्ने तथा प्रस्तावित संसोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय पारीत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिवाट पारित गर्ने निर्णय भयो ।

ग)	**विविध :**

विविध विषय अन्तर्गत छलफल हुँदा कम्पनीको उपसमितीको बैठकमा उपस्थित भए बापत संयोजकले पाउने प्रति बैठक भत्ता रु १०,००० र अन्य सदस्यले उपसमितिको बैठकमा उपस्थित भए बापत प्रति बैठक रु ८,००० का दरले भत्ता प्राप्त गर्ने गरि उपसमितीको बैठक भत्ता कायम गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

९)	**धन्यवाद ज्ञापन तथा सभा बिसर्जनः**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले यस कम्पनीको १५ औं वार्षिक साधारण सभा सफलता पूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएका यस कम्पनीका आदरणीय प्रर्वधक महानुभावहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिहरु, नियामक निकायका प्रतिनिधिहरु, शुभेच्छुक लगायत बाह्य लेखापरिक्षक सम्पूर्णमा यस कम्पनीलाई सक्षम सबल र इन्भेष्टमेन्ट कम्पनीहरुका बीचमा एक उत्कृष्ट कम्पनीको रुपमा स्थापित गराउन निरन्तर रुपमा प्राप्त सुझाव सल्लाहको लागि हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछौं र आउने दिनमा समेत समय सापेक्ष सुझाव सल्लाह, मार्गनिर्देशको अपेक्षा गर्दछौं ।

साथै सुरुवात देखिनै लगनशीलता, ईमान्दारिता पूर्वक संस्थागत सुशासन कायम राखी कर्तब्य निष्ठ भई कार्य गरि राख्नु भएका सम्पूर्ण कर्मचारीहरूलाई समेत धन्यवाद दिदै आगामी दिनमा समेत समय सापेक्ष राम्रो प्रगति र प्रतिफल दिने प्रतिवद्धता व्यक्त गर्दै सभा बिसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ................... | ................... |
| सुधा अर्याल | योगेश्वर शर्मा |
| (कम्पनी सचिव) | (अध्यक्ष) |